# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत स्थापित)

(An ISO 9001:2015 Certified Institution)

त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्याः ०८२/०८३

चलानी नं.: १३१

मितिः २०८२/०९/११

श्री उद्योग, वाणिज्य, भुमि तथा प्रशासन मन्त्रालय

वागमती प्रदेश

हेटौंडा, मकवानपुर।

विषयः "व्यवसाय सम्वर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापन" को सुचना सम्प्रेषण सम्वन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयवाट स्वीकृत व्यवसाय सम्वर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ वमोजिम यस प्रतिष्ठानले व्यवसाय सम्वर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन गरिरहेको छ। प्रतिष्ठानले साझेदार संस्थाहरु (सरकारी, प्राज्ञिक, निजी) वाट मिति २०८२/०९/११ को गोरखापत्रमा साझेदारको रुपमा कार्य गर्न प्रस्ताव आह्वानको सूचना प्रकाशित गरेको छ। साझेदार संस्थाहरुले प्रतिष्ठानको वेवसाइट https://iedi.gov.np मा विस्तृत विवरणसहित प्रतिष्ठानको इमेल program@iedi.gov.np मा आवेदन दिन सक्ने वा प्रतिष्ठानमा उपस्थित भई भौतिक रूपमा आवेदन पेश गर्न सक्ने व्यवस्था प्रतिष्ठानले गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ। तहाँ मन्त्रालय, अन्तर्गतका निर्देशनालय, कार्यालयहरू र अन्य सरोकार निकायहरूमा व्यवसाय सम्वर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी सूचना संलग्न अनुसार सम्प्रेषण गरी दिनुहुन सादर अनुरोध गर्दछु।

श्री उद्योग शाखा
उ.वा.भू.प्र.मं.
८।१४

वागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल
दर्ता नं.: ५९२
मिति: ०८२।०९।१४

..................
इ. उमेश कुमार गुप्ता
कार्यकारी निर्देशक

# व्यवसाय संवर्द्धन सेवा (Business Incubation Services)
# सञ्चालन तथा व्यवस्थापनका लागि
## साझेदार संस्थाका लागि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८२/०९/११**

आ.व. २०८२/८३ मा व्यवसाय संवर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापनका लागि साझेदारको रूपमा कार्य गर्न सरकारी, प्राज्ञिक (विश्वविद्यालय) र निजी क्षेत्रका संघसंस्थाहरूलाई व्यवसाय संवर्धन सेवा संचालन तथा व्यवस्थापन कार्यविधि,२०८२ को दफा ७ बमोजिमका कागजातहरू संलग्न गरी पन्ध्र दिनभित्र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा अनुसूची-२ भरी आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्ताव पेश गर्दा अनुसूची-२ संग संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

(क) संस्था दर्ता प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि,

(ख) संस्थाको विधान वा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि.

(ग) स्थायी लेखा नम्बरको प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि.

(घ) अनुसूची-३ बमोजिमको कबुलियतनामा,

(ङ) कार्यविधिको दफा ३ को उपदफा (४) बमोजिम केन्द्रको विवरण,

(च) व्यवसाय संवर्द्धन सेवा सञ्चालनको लागि ३ पेजमा नबढ्ने गरी व्यवसायिक प्रस्ताव.

**नोट:** प्रस्ताव प्रतिष्ठानको ईमेल: **program@iedi.gov.np** मा पठाउन सकिनेछ । प्रस्तावको ढाँचा तथा विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट: **https://iedi.gov.np** मा राखिएको छ । भौतिक रुपमा प्रस्ताव पेश गर्न चाहनेले प्रतिष्ठानको कार्यालय, त्रिपुरेश्वरमा दर्ता गराउन सकिनेछ ।

म्यादभित्र दर्ता हुन नआएका आवेदनहरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।


**औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**

**(An ISO 9001:2015 Certified Institution)**

त्रिपुरेश्वर, काठमाडौं. फोन नं. ९७७-१-५३६१३३९, ५३६१४६९

**https://iedi.gov.np**


Scanned with CamScanner